# नेपाल सरकारको वार्ता टोली र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (पवन) बीच भएको सहमति

मिति २०६८ साउन २८ गते भएको सहमति

१. संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (पवन) का वार्ता टोलीका सदस्यहरुलाई वार्ता अवधिभर सुरक्षा दिने विषयमा नेपाल सरकार प्रतिवद्धता व्यक्त गर्दछ।

२. मोर्चाले सशस्त्र गतिविधि त्यागी संविधान र कानूनले निषेध गरेका कुनै पनि गतिविधि नगर्ने र शान्तिपूर्ण राजनीति गर्ने प्रतिवद्धता व्यक्त गर्दछ। नेपाल सरकारको तर्फबाट पनि मोर्चाका नेता तथा कार्यकर्ताहरुलाई राजनैतिक रुपमा व्यवहार गर्नेछ।

३. मोर्चासंग रहेका सम्पूर्ण हातहतियार सम्बन्धी विवरण (प्रकृति, संख्या) सार्वजनीकरण एवं नेपाल सरकारलाई हस्तान्तरण गर्ने प्रयोजनका लागि र मोर्चाका सशस्त्र गतिविधिमा संलग्न व्यक्तिहरुको विवरण नेपाल सरकारलाई यथाशिघ्र उपलब्ध गराउने र सोही विवरण अनुसारका हातहतियार यथाशिघ्र आपसी सहमतिमा गरिने अर्को वैठकमा नेपाल सरकारलाई हस्तान्तरण गर्न मोर्चा प्रतिवद्धता व्यक्त गर्दछ।

४. मोर्चाले आफ्ना नेता तथा कार्यकर्ताहरुमा लागेका मुद्दा र थुनुवा तथा वन्दीहरुको विवरण यथाशिघ्र आपसी सहमतिमा तय गरिने अर्को वैठकमा बुझाउने प्रतिवद्धता व्यक्त गऱ्यो र अर्को वैठकमा हतियार वुझाए पश्चात मोर्चाका नेता तथा कार्यकर्ताहरुलाई लागेका मुद्दा र थुनुवा तथा वन्दीहरुको रिहाई सम्बन्धी प्रक्रिया नेपाल सरकारले नियमानुसार अविलम्ब प्रारम्भ गर्ने सहमति भयो।

५. अव आइन्दा संविधान र कानूनद्वारा निषेधित गतिविधि मोर्चाले नगर्ने भएकोले मोर्चाको नामबाट कसैले त्यस्तो गतिविधि गरेमा मोर्चाले जिम्मेवारी लिने छैन र यस्तो गतिविधि गर्नेलाई नेपाल सरकारले कानून अनुसार गर्ने छ।

**संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (पवन) को तर्फबाट**

......................

प्रल्हाद गिरी (पवन)
के. संयोजक

......................

जितेन्द्र प्रसाद यादव (सुधिर)

......................

चन्द्र शेखर सोनार (प्रवेज)

**सरकारी वार्ताटोलीको तर्फबाट**

......................

पम्फा भुसाल
संयोजक
एवं
मन्त्री, शान्ति तथा पुनर्निर्माण



This document was created using Smart PDF Creator. To remove this message purchase the product at www.SmartPDFCreator.com